बूढानीलकण्ठ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हात्तीगौडा, काठमाडौ

# चार पांग्रे सवारीसाधन मर्मतसम्भार कार्य सम्बन्धि शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

Contract ID: SQ/BNP/SW/082_083/02

प्रथम पटक प्रकाशित मितिः २०८२/०६/१२

यस नगरपालिकाको लागि चार पांग्रे सवारीसाधन मर्मतसम्भार कार्य गर्नुपर्ने भएकाले नगरपालिकाबाट तय गरेका कार्यक्षेत्रगत शर्तमा उल्लिखित शर्तहरुको अधिनमा रही मर्मत कार्य गर्न इच्छुक फर्म/कम्पनीबाट सिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस नगरपालिकाको वेबसाईट www.budhanilkanthamun.gov.np मा हेर्नुहुन वा यस नगरपालिकाको जिन्सी शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

| क्र.सं. | विवरण | शिलबन्दी दरभाउपत्र दस्तुर | शिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | शिलबन्दी दरभाउपत्र बुझाउने अन्तिम मिति र समय | शिलबन्दी दरभाउपत्र खोलिने मिति र समय | शिलबन्दी दरभाउपत्र जमानत | शिलबन्दी दरभाउपत्र जमानतको अबधि |
|---|---|---|---|---|---|---|---|
| १ | चार पांग्रे सवारीसाधन मर्मतसम्भार कार्य | १,०००।- | २०८२/०६/३१ दिउँसो १५:०० बजे शुक्रबार सम्म | २०८२/०७/०२ दिउँसो १२:०० बजे आइतबार सम्म | २०८२/०७/०२ दिउँसो १४:०० बजे आइतबार | ५०,००० ।- | ७५ दिन |

शर्तहरु

१) प्रस्तावकर्ताले शिलबन्दी दरभाउपत्रसँगै सम्बन्धित कम्पनी दर्ता प्रमाणपत्र/ फर्म दर्ता / नवीकरण प्रमाणपत्र सम्बन्धि कागजातहरुको प्रतिलिपि, आधिकारीक सहि र छाप र आ.व ०८०/८१ को कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी, स्व-घोषणापत्र, राजस्व तिरेको सक्कल भौचर समेत पेश गर्नुपर्नेछ। अन्यथा उक्त फर्म कम्पनीको सिलबन्दी दरभाउपत्र स्वत रद्ध हुनेछ।

२) शिलबन्दी दरभाउपत्र जमानत बापत रु. ५०,०००.००(अक्षरुपी पचास हजार रुपैंया ) प्रभु बैंक, हात्तीगौंडा शाखामा, बूढानीलकण्ठ नगरपालिका, हात्तीगौंडा, काठमाण्डौंको धरौटी खाता न. १००००९५२६२५०००४६ मा रकम जम्मा गरेको **सक्कल भौचर** पेश गर्नु पर्नेछ अथवा नेपाल सरकारको मान्यता प्राप्त 'क' श्रेणीको बैंकबाट रु. ५०,०००.००(अक्षरुपी पचास हजार रुपैंया ) बराबरको Bid bond (Guarantee) शिलबन्दी दरभाउपत्र खोल्ने मिति (२०८२/०७/०२) बाट कम्तिमा ७५ दिनको म्याद भएको सक्कल बोलपत्र जमानत पेश गर्नुपर्नेछ । म्याद नाघी प्राप्त हुन आएको प्रस्ताव मान्य हुने छैन ।

३) कबोल गरेको अंक भ्याट बाहेकको हुनुपर्नेछ। साथै कुनै पनि उल्लेखित सूचीमा कार्यालयको लागत अनुमान भन्दा बढी कबोल अंक भएमा उक्त फर्म स्वत रद्ध हुनेछ ।

४) स्विकृत प्रस्तावकर्ताले कार्यसम्पादन सम्झौता गर्नुअघि कार्यसम्पादन जमानत वापत रु १,००,०००/- (एक लाख रुपैया मात्र )को बैंक ग्यारेन्टी वा सोही बराबर रकमको नगद धरौटी जम्मा गर्नुपर्नेछ।

५) प्रस्तावकर्ताले सिलबन्दी दरभाउपत्र फाराम बुझाउने अन्तिम दिन दिउँसो १२:०० बजेभित्र प्रमुख प्रशासकिय अधिकृतको तोक आदेश र मूल दर्तामा दर्ता गरी खरिद शाखामा दर्ता गराईसक्नु पर्नेछ ।

६) सिलबन्दी दरभाउपत्र फाराम १४:०० बजे नगरपालिकाको कार्यालयमा खोलिने छ ।

७) प्रस्तावकर्ता कम कबोल गरि छनोट भएमा आफ्नो WORKSHOP नगरपालिकाको समन्वयमा उपयुक्त स्थानमा राखी सम्बन्धित कम्पनीको आधिकारीक सर-सामान प्रयोग गरी मर्मत गर्ने व्यवस्था मिलाउनु पर्नेछ । छनौट भएको फर्मको सम्झौता अवधि २०८३ असार मसान्त सम्म रहनेछ र कार्य सन्तोषजनक भएमा आपसी सहमतिमा सम्झौता अवधि सकिनु भन्दा १५ दिन अगावै बढीमा ३ महिनाको लागि म्याद थप गर्न सकिनेछ।

८) अन्य कार्यक्षेत्रगत सर्तहरु यसपछि हुने सम्झौतामा उल्लेख गरे बमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ संशोधन र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

पुनस्चः उल्लेखित दरभाउपत्र फाराम नगरपालिकाको राजश्व शाखामा दस्तुर बुझाई प्राप्त गर्न सकिने छ ।

महेश प्रसाद पाठक
प्रशासकीय अधिकृत